नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग
☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- ०६४/६५
च. नं. :- ४९

१। ।०७४।७५नं.

मिति :- २०७४।४।१५

विषय : परिपत्र सम्वन्धमा ।

श्री जिल्ला वन कार्यालय
सवै ।

प्रस्तुत विषयमा वन तथा भू-संरक्षण मन्त्रालयको क.प्र. १३।२१।०७३।७४ न. २४२० मिति २०७४।३।२९ को प्राप्त पत्रानुसार विभाग, जिल्ला वन कार्यालय र अन्तर्गतका निकायहरुबाट प्रदान गरिने सेवाहरुलाई अझवढी प्रभावकारी बनाइ जनमैत्री बनाउने र सम्पादन गरी आएका कार्यहरुलाई थप परिणाममुखी बनाइ सुशासन कायम गर्ने, आर्थिक अनुशासन कायम गर्ने र समग्र कार्य सम्पादनस्तरमा निरन्तर सुधार गर्दै लैजानको लागि प्रचलित कानूनमा रहेका व्यवस्थाहरुको अतिरिक्त यस विभागबाट समय समयमा गरिएका निर्देशनको वारेमा अवगत नै छ । तथापि मातहतका निकायहरुबाट भए गरेका काम कारवाहीहरु तथा विभागमा पेश हुने फायल सहितका कागजातहरुमा अपेक्षित रुपमा सुधार हुन सकेको देखिदैन । यस सन्दर्भ, देहाय वमोजिमका कुराहरुलाई गम्भीरतापूर्वक ध्यान दिई सो को पूर्ण र प्रभावकारी रुपमा कार्यान्वयन गर्ने गराउने व्यवस्था मिलाउनु हुन अनुरोध छ ।

१. आर्थिक वर्ष समाप्त भएको ६० दिन भित्र प्रत्येक निजामती कर्मचारीले आफ्नो सम्पत्ति विवरण निजामती किताबखानामा पेश गरि सक्नु पर्ने प्रावधान रहेको भएतापनि गत विगत आ.व. मा सो वमोजिम समयमा सम्पत्ति विवरण पेश गरेको देखिएन । आगामी आ.व. मा सवै कर्मचारीहरुलाई समयमा नै सम्पत्ति विवरण भरी पेश गर्न लगाउन हुन ।

२. निजामती कर्मचारीहरुलाई विभागीय कारवाही गर्ने फायलहरु पेश हुँदा प्रचलित कानून वमोजिमका प्रक्रिया पूरा नगरी पेश हुने गरेको देखिन्छ । कानूनी द्विविधा उत्पन्न भएमा विभाग/सम्बन्धित निकायहरुमा मौखिक रुपमा सोधेर स्पष्ट भएपछि मात्र फाइल अगाडि वढाउनु हुन, विभागीय कारवाही सम्बन्धी कामहरु निमित्त प्रमुखबाट नगर्न/नगराउनु हुन, अभियोग र सजाँय प्रस्ताव गर्दा कानूनी प्रावधानहरु अनुसार र कानून सम्मत रुपमा प्रस्ताव गर्नु हुन, विभागीय कारवाही सम्बन्धी काममा विलम्ब नगरी शीघ्रताका साथ अगाडि वढाउनु हुन ।

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग
☎ ४-२२७५७४, ४-२२०३०३, ४-२२१२३१, ४-२१६३७९, ४-२२१७४४
फ्याक्स : ४-२२७३७४
(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)
बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- 074/075
च. नं. :- 45

३. अख्तियार दुरुपयोग अनुसन्धान आयोगबाट माग भएका विवरणहरु, प्रतिवेदनहरु, जानकारीहरु समयमै आयोगमा पठाउन नसकेमा नपठाउने पदाधिकारीलाई अख्तियार दुरुपयोग अनुसन्धान आयोग ऐन वमोजिम आयोगले विभागीय कारवाही गर्न सक्ने अधिकार दिएको र कतिपय अवस्थामा आयोगले माग गरेको विवरणहरु समयमा नआउने, पटक पटक ताकेता गरेपछि मात्र आउने, अधुरो आउने, स्पष्ट राय विना नै आउने गरेको हुंदा अव उप्रान्त आयोग लगायत प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, राष्ट्रिय सर्तकता केन्द्र, सामान्य प्रशासन मन्त्रालय जस्ता निकायबाट माग भएका विवरणहरु प्राथमिकताका साथ तोकिएको ढाँचामा समयमै उपलब्ध गराउनु हुन ।

४. Line item budget को अनुशासन पालना नगर्ने प्रवृत्ति निरुत्साहित गर्न विगतमा पनि समय समयमा लेखी पठाइएको र यस्तो प्रवृति आर्थिक अनुशासनको दृष्टिकोणले राम्रो होइन तसर्थ आगामी आ.व.मा. यस्तो प्रवृति नदोहोरिने व्यवस्थालाई कडाईका साथ पालना गर्नु हुन ।

५. मन्त्रालय मातहतका अधिकांश कार्यालयहरुले स्वीकृत वार्षिक कार्यक्रम भन्दा भिन्न हुने गरी खर्च लेख्ने प्रवृत्तिलाई निरुत्साहित गर्न कार्यक्रम संशोधन, रकमान्तर तथा स्रोतान्तर गरेर मात्र खर्च लेख्ने परिपाटी बसाउनु हुन । विगत आ.व. मा धेरै कामहरु अमानतबाट गर्ने गराउने कार्य सार्वजनिक खरिद नियमावली, २०६४ को नियम १४५ को प्रक्रिया पूरा नगर्ने प्रवृत्ति देखिएकोले आगामी आ.व. देखि यस्तो किसिमको प्रवृत्तिलाई पूर्णतः नियन्त्रण गर्नु गराउन हुन ।

६. वार्षिक कार्यक्रम संचालन गर्दा स्वीकृत Norms को पूर्ण पालना गर्नु गराउन हुन ।

७. आर्थिक वर्ष २०७४।७५ को मा वजेट वक्तव्यमा वन सम्बन्धी कार्यक्रमहरु स्थानीय तहबाट संचालन हुने व्यवस्था भएकोले सो कार्यक्रम संचालन गर्न सहयोग गर्नु गराउन हुन ।

८. वेरुजु फछ्र्यौटको काम कारवाही प्रभावकारी वनाउन आगामी दिनमा वेरुजु नहुने गरी काम कारवाही गर्नु हुन र वेरुजु फछ्र्यौट समय भित्रै गर्ने तर्फ आवश्यक पहल गर्नु हुन ।

९. वार्षिक कार्यक्रमहरु कार्यान्वयन गर्दा खरिद योजना, कार्यक्रम अनुगमन, चौमासिक कार्य विभाजन अनुरुप कार्यतालिका वनाएर समयमा नै कार्यक्रमहरु सम्पन्न गर्नु गराउनु हुन ।

नेपाल सरकार
वन तथा भू-संरक्षण मन्त्रालय
# वन विभाग

☎ ४-२२७५७४
४-२२०३०३
४-२२१२३१
४-२१६३७९
४-२२१७४४
फ्याक्स : ४-२२७३७४

(कृपया पत्रोत्तरमा प्राप्त पत्र संख्या र मिति उल्लेख गर्नुहोला ।)

बबरमहल,
काठमाडौं, नेपाल

प्राप्त पत्र संख्या र मिति :
पत्र संख्या :- ०७४/७५
च. नं. :- ४९

११. सबै प्रकारका वनमा वन सम्वर्द्धनमा आधारित वन व्यवस्थापनका कार्यहरु योजनावद्ध रुपमा अघि वढाउने, भुकम्पपीडितहरुलाई काठ वितरणमा उच्च प्राथमिकता दिने, गत आ.व.मा स्वीकृत कार्यविधिहरुको समय सीमा सहितको कार्य योजना वनाइ सो को कार्यान्वयन गर्नु गराउनु हुन ।

१२. राष्ट्रिय प्राथमिकता प्राप्त आयोजनामा रुख कटान मुछान आदि कार्यमा लामो समय लाग्ने गरेको हुंदा कार्यविधिले तोके वमोजिमको समय भित्र उच्च प्राथमिकताका साथ उक्त कार्य गर्नु गराउनु हुन ।

१३. वन पैदावार संकलन तथा विक्री वितरण निर्देशिका, २०७३ को समय सीमामा रही कार्य योजना वनाई कार्यान्वयन गर्नु गराउनु हुन ।

१४. नियमित रुपमा कर्मचारी वैठक राखी छलफल गराउने र तोकिए वमोजिम जिन्सी निरीक्षण गर्ने गराउने व्यवस्था मिलाउनु हुन ।

१५. वन अतिक्रमण, वन अपराध नियन्त्रण गर्ने तर्फ नियमित रुपमा सजकता अपनाई प्रभावकारी ढंगले गस्ती परिचालन र अनुगमन गर्ने व्यवस्था मिलाउनु हुन ।

(कृष्णप्रसाद आचार्य)
महानिर्देशक

वोधार्थ :

श्री पूर्वान्चल क्षेत्रीय वन निर्देशनालय, विराटनगर : आवश्यक सहयोग गरिदिन हुन ।
श्री मध्यमान्चल क्षेत्रीय वन निर्देशनालय, हेटौंडा : आवश्यक सहयोग गरिदिन हुन ।
श्री पश्चिमान्चल क्षेत्रीय वन निर्देशनालय, पोखरा : आवश्यक सहयोग गरिदिन हुन ।
श्री मध्यपश्चिमान्चल क्षेत्रीय वन निर्देशशनालय, सुर्खेत : आवश्यक सहयोग गरिदिन हुन ।
श्री सुदूरपश्चिमान्चल क्षेत्रीय वन निर्देशनालय, धनगढी : आवश्यक सहयोग गरिदिन हुन ।